म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष ११, अंक २५६ सोमबार १२ बैशाख २०७९ नवमी ने. सं. ११४२ चिल्लाथ्व 25 April, 2022 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## बस र कार ठोक्किँदा पाँचको मृत्यु

काठमाडौं/ धादिङमा बस र कार ठोक्किँदा चार भारतीय र एक नेपाली गरी पाँच जनाको मृत्यु भएको छ ।

आइतबार दिउँसो २ बजे थाक्रे गाउँपालिका ७ जुङखोला स्थित पृथ्वी लोकमार्गमा बस र कार आपसमा ठोक्किँदा पाँच जनाको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय धादिङले जानकारी दिएको छ । काठमाडौंबाट धादिङबेशी जाँदै गरेको बा. ५ ख ८४४३ नम्बरको बस र चितवनबाट काठमाडौं आउँदै गरेको बागमती प्रदेश ०१-०२५ भ २९६८ नम्बरको कार आपसमा ठोक्किएका हुन् । दुर्घटनापछि घाइतेहरूलाई उपचारका लागि काठमाडौं पठाइएको थियो । उपचारका क्रममा कारका चालक तनहुँ खैरेनीका ३५ वर्षीय दिलबहादुर बस्नेतको मृत्यु भएको हो ।

सवा ४ बजे शिक्षण अस्पतालमा उनको मृत्यु भएको कार्यालयले जनाएको छ । त्यस्तै कारमा सवार भारत उत्तरप्रदेशका अन्दाजी ४५ वर्षीय विमलचन्द्र अग्रवाल, अन्दाजी ३५ वर्षीया साधना अग्रवाल, अन्दाजी ४० वर्षीया सन्ध्या अग्रवाल र अन्दाजी ५५ वर्षीय राकेश अग्रवालको मृत्यु भएको प्रहरीले जनाएको छ । उनीहरूमध्ये विमलचन्द्रको वीर अस्पताल र अरूको ट्रमा सेन्टरमा मृत्यु भएको हो । *साभार: सेतोपाटी*

### गठबन्धनमा मिल्यो भागवण्डा

## कांग्रेस पाँच, माओवादी तीन र समाजवादीले दुईमा उम्मेदवारी दिने

साझाकुरा संवाददाता

हेटौंडा, ११ वैशाख/ स्थानीय तहको निर्वाचन आउन १८ दिनमात्र बाँकी छ ।

निर्वाचन आयोगले हिजो आइतबार र आज सोमबारको लागि मनोनयन दर्ताको लागि समय निर्धारण गरेको थियो । तर, आइतबार पहिलो दिन मनहरी र भीमफेदी गाउँपालिकामा एमालेले मात्रै उम्मेदबारी दिएको छ भने हेटौंडाको मेयरमा ७ जनाको उम्मेदबारी परेको छ ।

स्वतन्त्र र साना दलबाट केहि व्यक्तिले हेटौंडाको मेयरमा उम्मेदवारी दिएको भएपनि मुख्य प्रतिष्पर्धी तथा ठूला दलहरुले भने आज सोमबार मनोनयन दर्ता गर्ने जनाएका छन् । पहिलो दिन आइतबार भागवण्डा टुंगिनसक्दा सत्तारुढ पाँचदलीय गठबन्धनले उम्मेदवारी दर्ता गर्न नसकेको भएपनि सोमबार भने सबै पालिकामा उम्मेदबारी दिने जनाइएको छ ।




जिल्लामा रहेको १० वटै स्थानीय तहमा भागवण्डा मिलेपछि गठबन्धनले एकजुट भएर उम्मेदवारी दिने भएको हो । १० वटा पालिकामध्ये ५ वटा स्थानीय तह कांग्रेस, ३ वटा माओवादी केन्द्र र २ वटा नेकपा (एकीकृत समावजादी)ले प्राप्त गरेको गठबन्धनका एक नेताले जानकारी दिए ।

कांग्रेसले बकैयामा धर्मराज लामिछाने, मकवानपुरगढीमा दोर्जे लामा स्याङ्तान, मनहरीमा रञ्जन कालाखेती, राक्सिराङमा राजकुमार मल्ल र कैलाशमा लोकबहादुर मुक्तानले प्रमुख प्राप्त गरेका छन् । फणिन्द्र तिमल्सिना बागमतीमा गाउँपालिका उपाध्यक्ष र मोमलाल दोङ भीमफेदी गाउँपालिका उपाध्यक्षमा उम्मेदबारी दिने भएका छन् । थाहा नगरमा उपाध्यक्ष भने टुङ्गिने अन्तिम चरणमा छ । गठबन्धनमा भएको सहमतिअनुसार नेकपा (एस)ले हेटौंडा उपमहानगरपालिका र इन्द्रसरोबर गाउँपालिका प्रमुख प्राप्त गरेको छ ।

हेटौंडा उपमहानगर पालिकाको उपप्रमुखमा कांग्रेसले उम्मेदवारी दिने भएको छ । उपमहानगरको भागवण्डा गठबन्धनका शीर्ष नेताहरुले केन्द्रबाट नै लगाएका थिए । सोहिअनुसार नेकपा एसले हेटौंडाको प्रमुख र कांग्रेसले उपप्रमुखमा उम्मेदवारी दिने भएको हो ।

**यी हुन् एमालेका उम्मेदवार**

भीमफेदी र मनहरी गाउँपालिकामा आइतबार नै मनोनयन दर्ता गराएको नेकपा एमालेले बाँकी रहेको ८ वटा पालिकामा भने आज सोमबार मनोनयन दर्ता गर्ने एमाले जिल्ला अध्यक्ष एकालाल श्रेष्ठले जानकारी दिए । उनका अनुसार मकवानपुरगढीको अध्यक्षमा बिदूर हुमागाईं, उपाध्यक्षमा सन्तु थिङ, भीमफेदीको अध्यक्षमा हिदम लामा, उपाध्यक्षमा पार्वती राना, इन्द्रसरोबरको अध्यक्षमा देबकृष्ण पुडासैनी, उपाध्यक्षमा उमा लामा र राक्सिराङको अध्यक्षमा बाबुलाल स्याङ्तान र उपाध्यक्षमा सुन्तलीमाया प्रजालाई उम्मेदवार बनाउने भएको छ ।

यसैगरी, बागमती गाउँपालिका अध्यक्षमा खेमराज जर्गा मगर, उपाध्यक्षमा धनमाया स्याङ्तान, बकैया गाउँपालिका अध्यक्षमा सरला बोलखे र उपाध्यक्षमा लालबहादुर स्याङ्तान उम्मेदवार तय भएका छन् । बकैया अध्यक्ष उम्मेदवार भएकी बोलखे यसअघि उपाध्यक्ष थिइन् । उनी एमालेबाट पालिका अध्यक्ष उम्मेदवार बन्ने पहिलो महिला नेतृ बनेकी छन् । थाहा नगरपालिकाको मेयरमा अच्युतम ढकाल र उपमेयरमा कल्पना बलामी, कैलाश गाउँपालिका अध्यक्षमा नरेन्द्रलाल रिजाल, उपाध्यक्षमा सुकुमाया थिङ, मनहरी गाउँपालिका अध्यक्षमा एकराज उप्रेती र उपाध्यक्षमा सुजिता थिङ उम्मेदवार भएका छन् । २५ वर्षीय थिङ एमालेबाट उम्मेदवार बन्ने सबैभन्दा कान्छी उम्मेदवार हुन् । उनी अनेरास्ववियु जिल्ला सचिवालय सदस्य छन् ।

एमालेले अध्यक्ष पदमा मनहरीमा उप्रेती, मकवानपुरगढीमा हुमागाईं भीमफेदीमा लामा दोहोर्‍याएको छ । उपाध्यक्षमा भीमफेदीमा राना, बागमतीमा स्याङ्तान, इन्द्रसरोबरमा लामा, कैलाशमा थिङलाई पुन: अबसर दिएको छ ।

## एमालेले वैशाख १८ गते हेटौंडामा आमसभा गर्ने

साझाकुरा संवाददाता

हेटौंडा, ११ वैशाख/ प्रमुख प्रतिपक्षी दल नेकपा एमालेले वैशाख १८ गते हेटौंडामा आमसभा गर्ने भएको छ ।

एमालेले वैशाख ३० गते हुन लागेको स्थानीय तहको निर्वाचन लक्षित आमसभा गर्न लागेको हो । उक्त सभालाई सम्बोधन गर्न एमालेका अध्यक्ष केपी शर्मा ओली हेटौंडा आउने भएका छन् ।

अन्तराष्ट्रिय मई दिवसको अवसरमा हेटौंडाको हुप्रचौरमा हुने आमसभालाई अध्यक्ष ओलीले सम्बोधन गर्ने कार्यक्रम रहेको नेकपा एमाले मकवानपुरका अध्यक्ष एकालाल श्रेष्ठले बताए ।

आमसभामा मकवानपुरका १० वटै स्थानीय तहबाट एमाले नेता कार्यकर्ताको सहभागिता हुने जनाइएको छ ।

पत्रिका नआएमा हामीलाई सम्पर्क गर्नुहोला ।

## हेटौंडाको मेयरमा दुईजना स्वतन्त्रसहित ७ जनाको उम्मेदवारी

साझाकुरा संवाददाता

हेटौंडा, ११ वैशाख/ हेटौंडा उपमहानगरपालिकाको मेयरमा दुई जना स्वतन्त्रसहित ७ जनाको उम्मेदवारी परेको छ ।

वैशाख ३० गते हुन लागेको स्थानीय तहको निर्वाचनको लागि हेटौंडा उपमहानगरपालिकाको मेयरमा दुईजनाले स्वतन्त्र र पाँच जनाले दलीयरुपमा उम्मेदवारी दिएका हुन् ।



उनीहरुले आइतबार मुख्य निर्वाचन अधिकृतको कार्यालय हेटौंडामा पुगेर उम्मेदबारी दिएको मुख्य निर्वाचन अधिकृत डिल्लीरत्न श्रेष्ठले जानकारी दिए । उनका अनुसार हेटौंडाको मेयरमा नेपाल मजदुर किसान पार्टीबाट रमेशमान सिंह, नेपाल कम्युनिष्ट पार्टी समाजवादीबाट रोमनाथ भुर्तेल, उन्नत लोकतन्त्र पार्टीबाट अयोध्याकुमार भट्टराई, सचेत नेपाली पार्टीका तर्फबाट रामप्रसाद गौतम र मौलिक जरोकिलो पार्टीबाट सिर्जना बर्तौलाको उम्मेदबारी परेको छ ।

त्यस्तैगरी, स्वतन्त्ररुपमा देवराज पौडेल र लिलाकुमारी आचार्यले स्वतन्त्र उम्मेदबारी दिएका छन् । उपमेयरमा पनि दुईजनाको उम्मेदबारी परेको छ । उपमेयरमा मौलिक जरोकिलो पार्टीबाट सुनिल घिमिरे र नेकपा समाजवादीबाट मखकुमारी तिमल्सिनाले उम्मेदवारी दर्ता गराएका हुन् । हेटौंडाका ५ वटा वडाको वडाध्यक्ष पदका लागि ६ जनाले मनोनयन दर्ता गराएका छन् । हेटौंडा-१ को वडाध्यक्ष पदका लागि स्वतन्त्रबाट नन्दरत्न स्थापितले उम्मेदवारी दर्ता गराएका छन् ।

हेटौंडा-५ को वडाध्यक्ष पदमा नेपाल मजदुर किसान पार्टीका दीपेन्द्र श्रेष्ठले मनानयन दर्ता गराएका छन् । हेटौंडा-१९ को वडाध्यक्षमा स्वतन्त्रबाट २ जनाको उम्मेदवारी परेको छ । वडाध्यक्ष पदका लागि रमेश पौडेल र रत्नबहादुर भ्लोनले मनोनयन गराएका छन् । हेटौंडा-१८ को वडाध्यक्षमा स्वतन्त्रबाट युवराज खड्काले उम्मेदवारी दर्ता गराएको मुख्य निर्वाचन अधिकृत श्रेष्ठले जानकारी दिए । निर्वाचन आयोगले आइतबार र आज सोमबार दुई दिनको लागि मनोनयन दर्ता गर्ने समय तोकेको थियो ।

आयोगले तोकेको समयको पहिलो दिनमा केहि साना दल र स्वतन्त्र उम्मेदवारहरुको उम्मेदवारी परेको भएपनि ठूला दलहरुले भने आज सोमबारमात्रै उम्मेदवारी दिने भएका छन् । हेटौंडा उपमहानगर पालिकामा पाँच दलीय सत्तारुढ गठबन्धन र नेकपा एमालेबीच कडा प्रतिष्पर्धा हुने देखिएको छ । यी दुवै पक्षका उम्मेदवारले आज उम्मेदवारी दिने जनाइएको छ ।

हेटौंडालाई Green City बनाउने उद्देश्यसहित

सुन्दर नगरी हेटौंडामा बिक्री

शुभारम्भ

YADEA e-SCOOTERS






Offer रू.१०,०००।- नगद छुट

YADEA e-SCOOTER का विशेषताहरु:

- Full Charge गर्न ४-५ घण्टा लाग्ने ।
- Full Charge ले १०० किमी कुद्ने ।
- २००० वाट क्षमता भएकोले एकपटक Full Charge गर्दा १.५ युनिट विद्युत् खपत ।
- ट्यूबलेस टायर
- ब्याट्रिमा एक वर्ष वारेन्टी

बर्षा ई-अटोमोबाइल्स

हेटौंडा-२, चौकीटोल (भाटभटेनी नजिकै)

प्रो. सबी भण्डारी ९८५५०६७४६०

## एमालेले गर्‍यो मनहरी र भीमफेदीमा उम्मेदवारी दर्ता



साझाकुरा संवाददाता

हेटौंडा, ११ वैशाख/ नेकपा एमालेले मनहरी र भीमफेदी गाउँपालिकामा उम्मेदवारी दर्ता गराएको छ । वैशाख ३० गते हुन लागेको स्थानीय तहको निर्वाचनको लागि एमालेले मनहरी र भीमफेदीमा वडा अध्यक्षसहित प्रमुख र उपप्रमुखमा उम्मेदवारी दर्ता गराएको हो । एमालेबाट भीमफेदी गाउँपालिका अध्यक्ष हिदम लामा र उपाध्यक्ष पार्वती रानाले उम्मेदवारी दिएका छन् ।

त्यस्तैगरी, मनहरी गाउँपालिकाको अध्यक्षमा एकराज उप्रेती र उपाध्यक्षमा सुजिता थिङले उम्मेदवारी दिएका छन् । जिल्लाको बाँकी आठवटा पालिकामा सोमबार उम्मेदवारी दर्ता गरिने नेकपा एमाले जिल्ला अध्यक्ष एकालाल श्रेष्ठले जानकारी दिए ।

एमालेले हेटौंडा उपमहानगरपालिका मेयरमा संविधानसभा सदस्य अनन्त पौडेल र उपमेयरमा सुमित्रा काफ्लेलाई अगाडि सारेको छ । थाहा नगरपालिकाको मेयरमा अच्युतम ढकाल र उपमेयरमा कल्पना बलामीलाई अगाडि बढाउने भएको छ ।

वागमती गाउँपालिका अध्यक्षमा खेमराज जर्गामगर र उपाध्यक्षमा धनमाया स्याङ्तान, बकैया गाउँपालिका अध्यक्षमा सरला बोलखे र उपाध्यक्ष लालबहादु स्याङ्तान, मकवानपुरगढी गाउँपालिका अध्यक्ष बिदूर हुमगाईं र उपाध्यक्ष सन्तु थिङले उम्मेदवारी दिने भएका छन् । इन्द्रसरोबर गाउँपालिका अध्यक्ष देबकृष्ण पुडासैनी र उपाध्यक्ष उमा लामालाई उम्मेदवार तोकिएको छ । कैलाश गाउँपालिका अध्यक्ष नरेन्द्रलाल रिजाल र उपाध्यक्ष सुकुमाया थिङ, राक्सिराङ गाउँपालिका अध्यक्ष बाबुलाल स्याङ्तान र उपाध्यक्ष सुन्तलीमाया प्रजा उम्मेदवार छन् ।

सम्पूर्ण ब्राण्डका गाडी

एकै ठाउँमा सम्पूर्ण सेवासहित

सेवाहरू:

- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक बेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.

हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# महाभूकम्पको सम्झना

२०७२ सालको भूकम्पमा कयौंले आफ्नो आफन्तहरु गुमाए । कोही मानसिक रोगी बने कयौको वस्ने वास उजाडियो । भूकम्प गएको आज ६ वर्ष पूरा गरी सातौ वर्ष लागेको छ । भूकम्प जाँदा विनाश भएको अधिकांश मानिसहरुको घरहरु पून निर्माण भए भने कोहि निर्माण प्रक्रियामा नै छन् । २०७२ सालको भूकम्पमा कयौं मानिसहरु हताहत भए त्यसको लेखाजोखा नै छैन । गोरखाको वारपाक केन्द्र विन्दु भई ७.६ रेक्टर स्केलको एक मिनेटको कम्पनले धेरै जनधनको क्षति भएको थियो । यसविचमा पनि ४ रेक्टर स्केलको कम्पनले थुप्रै मानिसलाई त्रसित बनाइनै रह्यो । गोरखादेखि दोलखासम्मको करिब १४० कि.मि. क्षेत्रमा दरार ल्याई यो क्षेत्रमा ठूलो जनधनको क्षति भयो भने यसको असर पूर्वमा ताप्लेजुङ र पश्चिममा रुकुम र दक्षिणमा चुरे क्षेत्रका अधिकांश भागमा पर्‍यो । मानिसहरु धेरैले आफ्नो गाँस, बास उजाडिएको हेरिरहे । प्राकृतिक प्रकोपमा गर्न त के नै सक्थे र हेर्नु सिवाय ।

नेपाल सरकारले विभिन्न खालका राहत प्याकेजहरु उपलब्ध गरायो । जसले गर्दा मानिसहरुलाई थोरै भएपनि राहतको महशुस गर्न पाए । सरकारले भूकम्पमा मृतकको परिवारलाई राहत दिएको थियो । आवस उजाडिएकाहरुको लागि आंशिक क्षति, पूण क्षति समूह छुटाएर केहि राहतका प्याकेजहरु पनि उपल्ब्ध गराएको थियो । तत्काल खान असुविधा भए खाना, लत्ताकपडा कम्बल त्रिपाल जस्ता सामग्रीहरु उपलब्ध गराएर विभिन्न, विदेशी संघसंस्थाहरुले सहजीकरण गरेका थिए । जसले गर्दा मानिसहरुले राहत महशुस गर्न पाएका थिए । अहिलेको सन्दर्भमा भूकम्पबाट मानिसहरु धेरै नै सचेत भैसकेका छन् । अहिले प्राय: सबै घरहरु नेपाल सरकारले तोकेको मापदण्डभित्र रही बनेका छन् । बिद्यमान चुनौती तथा समस्याहरुको सामना गर्न विपद जोखिमसम्बन्धी बृहत् शिक्षा र जनचेतनामूलक कार्यक्रमको संचालन भइरहेको देखिन्छ ।

केही विपद व्यवस्थापनमा संलग्न निकायहरुलाई साधन, स्रोत नयाँ प्रबिधि र यन्त्रहरुको उचित प्रबन्ध र जनशक्तिको विकास गर्नुपर्ने साथै ती निकायहरु पर्याप्त समन्वय र सहकार्य तथा कार्य जिम्मेवारी बाँडफाँड हुनुपर्ने देखिन्छ । विपद व्यवस्थापनमा स्वयंसेवक संस्कारको विकास र परिचालन, पूर्व चेतना प्रणालीको विकास र प्रयोग, गैरसरकारी संस्थासंगको सहकार्य, योजनावद्ध बस्ती विकास, भू-उपयोगसम्बन्धी अध्ययन र उचित योजना, वैज्ञानिक अनुसन्धान र भवन आचारसंहिताको पालना गर्नुपर्ने देखिन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

**मकवानपुर प्रहरी**

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

**एम्बुलेन्स सेवा**

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०७९ वैशाख १३ गते मंगलबार २६ अप्रिल २०२२ । वैशाख कृष्ण एकादशी । चौलाथ्व एकादशी ११४२ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : आम्दानी बढ्नेछ | **तुला** | : पढाइमा प्रगति हुनेछ |
| **वृष** | : पितृधन लाभ हुनेछ | **वृश्चिक** | : उत्साहमा कमी आउनेछ |
| **मिथुन** | : नयाँ ज्ञान प्राप्त हुनेछ | **धनु** | : आफन्तबाट धोका हुनेछ |
| **कर्कट** | : कृषिमा हानि हुनेछ | **मकर** | : प्रतिष्ठित काम पाइनेछ |
| **सिंह** | : इनाम हात पर्नेछ | **कुम्भ** | : सामाजिक दायित्व बढ्नेछ |
| **कन्या** | : श्रम खेर जानेछ | **मीन** | : काममा सहयोग मिल्नेछ |

# कामचलाउ मात्र छैनन् सबै स्थानीय तह



विन्दुकान्त घिमिरे

नेपाल भनेको जनजाति समुदाय, खस आर्य समुदाय र मधेसी समुदायको त्रिखुट्टे ओदान जस्तै हो । मौका पाउँदा यी तीनै वटा समुदायका अगुवाहरु नाम चलेका कुनै विदेशी विकास विज्ञभन्दा कम छैनन् भन्ने देखाउँछ ।

सिन्धुपाल्चोक जिल्लाको मेलम्ची घ्याङ माध्यमिक विद्यालयमा भर्ना हुनका लागि यो वर्ष कुल सिट संख्याभन्दा चार गुणा बढी विद्यार्थीले आवेदन दिएका दिए । पाँच वर्षअघि विद्यार्थी जुटाउन नै धौ-धौ हुने उक्त विद्यालयमा यतिबेला काठमाडौं, पोखरा मात्रै होइन इलामसम्मका विद्यार्थीहरुले पढ्नका लागि आवेदन दिएको गाउँपालिककाका अध्यक्ष निमा ग्याल्जेन शेर्पा बताउँछन् ।

उनका अनुसार यो विद्यालयमा पहिलेदेखि नै पढाइ राम्रो थियो, तर हिमालको काखमा रहेको मेलम्ची घ्याङ माध्यमिक विद्यालयमा नेपालभरीमै उत्कृष्ट अध्यापन हुने गरेको प्रचारप्रसार उक्त गाउँपालिकाले गरेपछि देशभरीबाट आकर्षण बढ्यो । मेलम्ची घ्याङ विद्यालयमा देशभरका विद्यार्थीहरुको चाप बढेपछि अर्को ठूलो क्षमताको विद्यालय स्थापना गरी हेलम्बु गाउँपालिकालाई देशकै 'शैक्षिक हब'बनाउने तयारीलाई अन्तिम चरणमा पुर्‍याइएको छ ।

यसैगरी हेलम्बु क्षेत्रले पर्यटनमा पनि ठूलो फड्को मारेको छ । यतिबेला अन्य ठाउँको पर्यटन व्यवसाय सुस्ताएको छ, तर हेलम्बु घुम्न जाने पर्यटकहरुले एक साताअघि नै होटल बुकिङ गर्नुपर्ने अवस्था छ । हेलम्बुमा आन्तरिक तथा बाह्य पर्यटकहरुको ओइरो लाग्नुको मुख्य कारण हो- गाउँपालिकाले निर्माण गरेको हिमालयन ग्रेट ट्रेल पदमार्ग ।

चीनको ग्रेटवालको झल्को दिने गरी हेलम्बुमा निर्माण थालनी गरिएको हिमालयन ग्रेट ट्रेल पदमार्ग गाउँपालिका अध्यक्ष शेर्पाको परिकल्पना हो । करीब ५० किलोमिटर लम्बाइको लक्ष्य राखेर अघि बढाइएको उक्त हिमालयन ग्रेट ट्रेल पदमार्ग यो अवधिमा करीब पाँच किलोमिटर निर्माण सम्पन्न गरिएको छ । ट्रेकिङ तथा प्राकृतिक दृश्यावलोकनका लागि चीनको ग्रेट वालभन्दा हेलम्बुको हिमालयन ग्रेट ट्रेल पदमार्ग धेरै नै आकर्षक रहेको विदेशी पर्यटकहरुको पनि अनुभव छ । यसैगरी एक वर्षअघि मात्रै निर्माण सम्पन्न गरिएको सर्लाहीको भरत ताल अवलोकन गर्न जाने पर्यटकको संख्या पाँच लाख नाघिसकेको छ । यो नेपालकै सबैभन्दा ठूलो जलाशय हो । बाग्मती गाउँपालिकाका अध्यक्ष भरतकुमार थापाको परिकल्पना अनुसार करीब २ सय बिघा बन्जर तथा बगर जमिनलाई उपयोग गर्दै यो ताल निर्माण गरिएको हो । त्यसैले यो काललाई सबैले भरत ताल भन्ने गरेका छन् ।

करीब ३७ करोड रूपैयाँ लागतमा निर्माण सम्पन्न भरत तालका कारण करीब १५ सयजना स्थानीयले रोजगारी पाएका छन् । तालको वरपरका बस्तीका सुकिसकेका इनार र चापाकलहरूमा पानीका मूल फुट्न थालेका छन् भने छेउछाउका जमिनको उर्वराशक्ति बढ्न थालेको छ । चराचुरुंगी, वन्यजन्तुदेखि लिएर वातावरणमा पनि सकारात्मक प्रभाव पर्दै गएको छ ।

भारतीय सीमा क्षेत्रसँग जोडिएको बारा जिल्लाको सिम्रौनगढ नगरपालिकाको आन्तरिक आम्दानी पाँच वर्षअघिसम्म बार्षिक २१ लाख रूपैयाँ थियो । तर यतिबेला यो नगरपालिकाले वार्षिक ९ करोड रूपैयाँ त सार्वजनिक पोखरीहरु माछा पालनका लागि भाडामा दिएर नै संकलन गर्ने गरेको छ । सिम्रौनगढ क्षेत्रको अधिकांश माछा निकै राम्रो मूल्यमा भारतमा बिक्री हुन्छ । सिम्रौनगढ नगरपालिकाले खोलेको तरकारी बजारबाट दैनिक ६-७ ट्रक तरकारी राजधानी काठमाडौं आइपुग्छ ।

सिम्रौतगढस्थित मल्ल राजाहरुको दरबारको भग्नावशेष हेर्न पाँच वर्षअघिसम्म महिनाको दुई-चारजना पर्यटक पुग्थे, तर यतिबेला पर्यटकहरु खचाखच छन् । नगरपालिकाका प्रमुख विजयशंकर यादव भन्दछन्, 'पाँच वर्षको यो अवधिमा सबैको घरमा पक्की सडक पुर्‍याइ सक्यौं, खानेपानीको व्यवस्था गरिसक्यौं, अब केही वर्षदेखि हामीले नै छात्रवृत्ति दिएर पढाएका डाक्टरहरुले नगरपालिकामा सेवा दिन थाल्ने छन् । हिमाली क्षेत्रमा पर्ने हेलम्बु गाउँपालिका, चुरे क्षेत्रमा पर्ने बाग्मती नगरपालिका र भारतीय सीमा क्षेत्रमा पर्ने सिम्रौनगढ नगरपालिकालाई उदाहरणका रूपमा मात्रै उल्लेख गरिएको हो ।

भौगोलिक कारण मात्रै होइन सामाजिक कारण पनि यी तीन वटा पालिकालाई उदाहरणका रूपमा प्रस्तुत गरिएको हो । किनकि, नेपाल भनेको जनजाति समुदाय, खस आर्य समुदाय र मधेसी समुदायको त्रिखुट्टे ओदान जस्तै हो । मौका पाउँदा यी तीनै वटा समुदायका अगुवाहरु नाम चलेका कुनै विदेशी विकास विज्ञभन्दा कम छैनन् भन्ने देखाउँछ ।

न हेलम्बु गाउँपालिकाका अध्यक्ष शेर्पाले विदेशी विश्व विद्यालयबाट डिग्री हासिल गरेका छन्, न सिम्रौनगढ नगर पालिकाका प्रमुख यादवले । न त बाग्मती गाउँपालिकाका अध्यक्ष थापाले नै कुनै विदेशी विश्व विद्यालयबाट आर्थिक समृद्धिको विषयमा डिग्री लिएका छन् । तर आफ्नो इमान्दारिता र लगनशीलताले यी तीन पृथक भूगोलका यी तीन पृथक समुदायका अगुवाहरुले पाँच वर्षको अवधिमै मुलुकका लागि आर्थिक समृद्धिको मार्गचित्र प्रस्तुत गरिदिएका छन् ।

यस्ता उदाहरणीय काम गर्ने पालिकाहरुको संख्या नेपालमा उल्लेख्य छ । तर खराब काम गर्ने पालिकाहरुको चर्चा धेरै भयो, राम्रो काम गर्ने पालिकाहरु ओझेलमा परे । जसका कारण पात्र तथा प्रवृति गलत होइन कि, संघीय शासन व्यवस्था नै गलत हो कि ? भन्ने सन्देश देशव्यापी रूपमा गइरहेको छ ।

कतिपय पालिकाहरूले पहाडका टाकुरामाथि भ्यू टावर निर्माणमा बजेट दुरूपयोग गरिरहँदा, विकासका नाममा विनाश गरिरहँदा, विकास बजेट आफ्नो खल्तीमा हालिरहँदा, जनतामाथि करको भार थपिरहँदा मुलुकको शासन व्यवस्था नै खराब हो कि भन्ने आशंका जनतामा उत्पन्न हुनु स्वभाविकै हो । स्थानीय सरकारमा योग्य जनप्रतिनिधिहरु पुग्ने हो भने देशको विकास र आर्थिक समृद्धिका लागि विदेशीको मुख ताक्नै पर्दैन, स्थानीय सरकार नै काफी छ भन्ने उदाहरण पेस गर्ने पालिकाहरुको संख्या नेपालमा निकै ठूलो छ ।

७ सय ५३ पालिकामध्ये एक तिहाइ पालिकाले यस्तो उदाहरण पेस गरेको एक अध्ययनले समेत देखाएको छ । पूर्वाधार विकास तथा आर्थिक समृद्धिले गति लिन नसक्नुमा संघीय शासन व्यवस्था खराब हो कि पात्र र प्रवृत्तिको दोष हो ? भन्ने मामिला निकै पेचिलो बनेको छ । उदाहरणका लागि, गत चैत २८ गते काठमाडौंको चन्दागिरि नगरपालिका वडा नं २ का वडा अध्यक्षले एक हुल मान्छे लिएर नागढुंगा सुरुङ मार्गका जापानी ठेकेदार तथा कर्मचारीको आवास र कार्यालयमा तोडफोड गरेको समाचार आयो । त्यस दिनदेखि सुरुङ मार्ग निर्माणको काम ठप्प भएको छ । गत बुधबार सुर्खेत जिल्लाका एक जना वडा अध्यक्ष चोरीको मोटरसाइकलसहित रंगेहात पक्राउ परेको समाचार आएको छ ।

संखुवासभाका एक जना वडा अध्यक्षले किर्ते गरी आफ्नै गाउँकी एकल महिलाको २९ रोपनी जग्गा आफ्नो नाममा ल्याएका रहेछन् । हाल उनी थुनामा छन् । पार्टीले विश्वासका साथ दिएको टिकट र जनताले विश्वासका साथ दिएको मतबाट पद प्राप्त गर्ने र त्यही पदको आडमा अनेकौं अपराध गर्नेहरुको संख्या मुलुकमा उल्लेख्य छ । जुन कुरा पाँच वर्षको यो अवधिले पुष्टि गरेको छ ।

यो प्रवृत्तिका व्याक्तिहरुले टिकट पाउने र चुनाव जित्दै जाने सिलसिला जारी भयो भने शासन व्यवस्था मात्रै होइन मुलुक नै खाडलमा जाकिने छ । बरु चुनाव नजित्दा केही फरक पर्दैन, यस्ता व्यक्तिहरुलाई कुनै पनि हालतमा टिकट नदिनेतर्फ ठूला दलहरुले इमान्दारिता देखाउनु पर्छ । तर, ठूला दलका कतिपय स्थानीय संगठन नै यस्ता व्यक्तिको कब्जामा परिसकेका छन् ।

ठूला दलका शीर्ष नेताहरु नै सन्दिग्ध व्यक्तिको चङ्गुलमा फसिसकेका पो हुन् कि भन्ने प्रश्न खडा हुने गरेको छ । माओवादी केन्द्रका अध्यक्ष प्रचाण्डका घरबेटी बेलाबेलामा चर्चामा आइरहन्छन् । अर्थमन्त्री जनार्दन शर्मा र प्रधानमन्त्री शेरबहादुर देउवाकी पत्नी डा. आरजु राणाले प्रयोग गर्ने विचौलिया एउटै हुन् भन्ने आशंकाको पुष्टि हाले नेपाल राष्ट्र बैंकको गर्भनर प्रकरणले पनि गरिसकेको छ ।

गलत व्यक्ति निर्वाचित हुनुमा मतदातालाई दोष दिने गरिएको छ । तर हाम्रो मुलुकका अधिकांश मतदाता संगठित छैनन् । सचेत हुने अवसर पनि अधिकांश मतदाताले पाएका छैनन् । तर, दलहरु संगठित छन् । दलका कार्यकर्ता संगठित छन् । दलको टिकट खरिद गर्ने काला व्यवसायीहरु पनि संगठित छन् । यस्तो मामिलामा विवेक पुर्‍याउने भनेको पार्टीको नेतृत्वले नै हो । गलत व्यक्तिले माफियागिरी गरेर चुनाव नजितून् भन्नकै लागि बहुदलीय लोकतन्त्रको परि कल्पना गरिएको हो ।

गलत व्यक्ति निर्वाचित हुनबाट रोक्नका लागि बहुदलीय व्यवस्था चाहिएको हो । तर, गत स्थानीय निर्वाचनमा करीब एक तिहाइ पालिकामा गलत व्यक्तिहरु निर्वाचित भएको एक अध्ययनले देखाएको छ । ती व्यक्तिहरु दलको टिकट लिएरै उम्मेदवार बनेका थिए ।

*-स्रोत: खबरहब*

# सरकार र गभर्नरबीच विवाद, वास्तवमा को के चाहन्थ्यो ?



पुष्प न्यौपाने

तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली अनि उनका विश्वासपात्र डा. युवराज खतिवडा अर्थमन्त्री सहितको सेट मिलेको आफ्नो हितैषी टिममा बसेर काम गर्दा गभर्नर महाप्रसाद अधिकारीलाई आनन्द थियो । सायद अधिकारीले पाँच बर्षको सरकारमा आफ्नो पूर्ण कार्यकालमा मनमौजी काम गर्ने चाहना बनाएका थिए होलान् । तर खरो स्वभावका जनार्दन शर्मा अर्थमन्त्री बनेर आएपछि अधिकारीको चाहनामा कुनै ब्रेक लाग्न सक्ने भय जागेको हुन सक्छ अथवा कुनै विचारप्रतिको रुझान वा व्यक्तिप्रतिको श्रद्धाले अर्थ मन्त्रालयमा आएको नयाँ व्यक्ति उनका लागि सुरुदेखि नै असहज लागेको हुन सक्छ । अझ ती सबै कारणभन्दा अर्थमन्त्रीसँग स्वार्थ बाझिने सोंचले पनि काम गरेको हुन सक्छ । आयातको दायरा केही हदसम्म खुम्च्याउन निर्णय गर्नु पूर्व नै राष्ट्र वैंकबाट सूचना लिक हुनुले बल पुग्छ । यी गभर्नरका सीमा र सम्वन्धमा अनुमानका विषयहरु भए ।

यता अर्थमन्त्री शर्मा चाँडै परिणाम खोज्ने व्यक्ति भएकाले उनले सुरुमै गभर्नरलाई सुधारका लागि केही कडा सर्तहरु राख्दा पनि अर्थ र राष्ट्र वैंकको सम्वन्धमा चिसो आएको हुन सक्छ वा प्रत्यक्ष-परोक्ष सल्लाह दिनेहरुले गभर्नरबारे गलत रिपोर्ट गरिदिएका हुन सक्छन् । र, गभर्ननरका निकटस्थहरुले पनि अर्थमन्त्रीबारे गभर्नरलाई गलत बुझाइ बनाउन सघाएका हुन सक्छन् । अथवा सरकारले राष्ट्र वैंकको गभर्नर नै परिवर्तन गर्ने सोंच बनाएको हुन सक्छ । यी अर्थमन्त्री र सरकारतिर केन्द्रित रहेर अध्ययन गर्दा हुन सक्ने अनुमानका विषयहरु भए ।

**असर कहाँबाट देखियो ?**

गभर्नर चाहन्थे, सरकारको आर्थिक नीति वेकम्मा बनाइदिनुपर्छ । उनी त्यसो किन चाहन्थे भन्दा उनलाई अघिल्लो सरकारको आर्थिक नीतिप्रति रुझान थियो, भावना थियो र अपनत्व थियो । प्रतिस्थापन विधेयकद्वारा ल्याइएको आर्थिक नीतिलाई उनले भित्रैबाट स्वीकार गर्ने मनस्थिति बनाएनन् । गभर्नर अधिकारी एमालेप्रति आवश्यकताभन्दा बढी रुझान र लगाव राख्ने भएकाले काँग्रेस-माओवादी गठवन्धन सफल हुन नसकोस् भन्ने उनको मनको कुनामा रहेको आग्रह कहीं न कहीं कार्यसम्पादनमा देखियो । जब उनी आर्थिक नीतिप्रति उदासीन हुन थाले, विस्तारै मौद्रिक नीतिलाई उनले आर्थिक नीतिबाट स्वायत्त बनाउने व्यवहारहरु देखाउन थाले । गभर्नरको त्यो सोचले सरकारको आर्थिक नीति र राष्ट्र वैंकको मौद्रिक नीतिमा तालमेल देखिन छाड्यो । व्यवहारको यो मौन संघर्षले अर्थ मन्त्रालय र राष्ट्र वैंक बिचको दुरी टाढिदै गयो । त्यसको परिणाम राष्ट्र वैंकले निर्धारण गर्ने कर्जा प्रवाह विस्तारमा देखियो । विना कुनै कारण, विना कुनै समन्वय र विना कुनै परामर्श राष्ट्र वैंकले कर्जा प्रवाह विस्तारलाई वेलगाम वनाइदिएपछि आयातमाथिको नियन्त्रण गुम्यो र अधिक आयले विदेशी मुद्रा सञ्चितिलाई संकट सिर्जना गरिदियो ।

विदेशी मुद्रा भण्डारणमा असन्तुलन, अधिक आय, वेलगाम कर्जा प्रवाह र खराब कर्जा असुलीमा प्रकट भएको उदासिनता हुँदै अटो, सुन जस्ता अनुत्पादक क्षेत्रको लगानीका तथ्यहरु वर्षको आरम्भदेखि नै हेर्दा सरकार झस्कियो । अर्थ मन्त्रालयले त्यसलाई राष्ट्र वैंकको नियतगत समस्या हो वा काम गर्दा अज्ञानतावश वा व्यवहारले उत्पन्न हुने कठिनाइहरुमध्ये के हो वास्तविकता बुझ्न खोज्यो । वास्तविकता बुझ्नका लागि एउटा जाँचबुझ समिति गठन गरियो । त्यसैसँग राष्ट्र वैंकको ऐन २०५८ को दफा २२ बमोजिम प्रक्रिया अघि बढ्यो ।

राष्ट्र वैंकको ऐन अनुसार सर्वोच्च अदालतका एकजना अवकाशप्राप्त न्यायाधीशको नेतृत्वमा ३ सदस्यीय जाँचवुझ समिति वन्यो । त्यस जाँचबुझ समितिलाई कतिपयले कंगारु समितिको रुपमा व्याख्या गरे । त्यस्ता व्याख्याताहरुको तर्क थियो, अवकाशप्राप्त न्यायाधीश अर्थमन्त्री शर्माको छिमेकी जिल्लाका वासिन्दा हुन् । शर्मा र भण्डारी नातेदार पर्छन् । यसमा थोरै चर्चा गरौं, यी व्याख्याताहरुले यस अघि कहिल्यै यस्तो कुरा उठाएका छैनन् कि नेपालको कर्मचारीतन्त्र, न्यायलय, सुरक्षातन्त्र आदि भित्र कार्यविभाजनमा विविधता हुनुपर्छ ।

पढ्दा स्कुलदेखि विश्वविद्यालयसम्मका क्लासमेट, सके पानी पँधेरो र नभए पानी ढलो एउटै अर्थात् नाता-गोता, बोली-चाली, रहन-सहन सबै एउटै हुँदा काम गर्ने तौरतरिकामा विविधता आउँदैन । यी विषयहरु नेपाली मिडिया र वौद्धिक जगतका लागि कहिल्यै बहसको विषय बनेनन् । अझ खास गरी स्वदेशी विश्व विद्यालय र विदेशी विश्व विद्यालय पढेकाहरु माझ कार्यसम्पादनमा समन्वय, भौगोलिक विविधता र जातीय विविधता समेटियो भने पृथक सोचाइ, ज्ञानका सीमा र भिन्न अनुभवहरुको संयोजन हुने भएकाले फरक कोणबाट हुने वहुआयामिक मन्थनले उत्कृष्ट कार्यसम्पादनको अपेक्षा गरिन्छ ।

अब नेपालका सन्दर्भमा नाता र निकटता सम्वन्धीको अर्को पाटो, जहाँ मेची र महाकालीको गोत्र मिल्छ । कहीं कतैबाट नाता जोड्न मिल्छ नै । त्यसरी हेर्ने हो भने प्रधानमन्त्री ओली, अर्थमन्त्री युवराज खतिवडा र गभर्नर महाप्रसाद अधिकारी बिचको भौगोलिक दुरी र सम्वन्ध एवं आस्थाको दुरीमा कति फरक थियो ? वास्तवमा त्यस्ता मिसन खवरहरु निर्णय प्रक्रियामा प्रभाव पार्न योजनावद्ध रुपमा तय गरिन्छन् र ती सामाजिक चरित्रकै विशेषताभित्र पर्छन् ।

अर्को एउटा तर्क आयो कि राष्ट्र वैंकको ऐन नेपालको संविधानसँग वाझियो । नेपालको संविधानअनुसार न्यायाधीश जाँचवुझ समितिमा रहन सक्दैन । नेपालको संविधानको धारा १३२ (१)अनुसार प्रधान न्यायाधीश वा सर्वोच्च अदालतको न्यायाधीशलाई न्यायाधीशको पदमा बाहेक अन्य कुनै पदमा काममा लगाइने वा काजमा खटाइने छैन ।

सोही धारामा भनिएको छ तर नेपाल सरकारले न्याय परिषदसँग परामर्श गरी सर्वोच्च अदालतको न्यायाधीशलाई न्यायिक जाँचवुझको काममा वा केही खास अवधिका लागि कानुन वा न्यायसम्वन्धी अनुसन्धान वा अन्वेषणको कुनै काममा खटाउन सक्नेछ ।

धारा १३२ को २ मा प्रधानन्यायधीश वा सर्वोच्च अदालतको न्यायाधीश भइसकेको व्यक्ति यस संविधानमा अन्यथा उल्लेख भएकोमा वाहेक कुनै पनि सरकारी पदमा नियुक्तिका लागि ग्राह्य हुने छैन । संविधानको धारा १३२ को १ र २ लाई जोडेर हेर्दा पहिलो यहाँ अवकाशप्राप्त न्यायाधीश भन्ने कुरा उल्लेख छैन ।

२ मा उल्लेख प्रधानन्यायाधीश वा सर्वोच्चको न्यायाधीश भइसकोको व्यक्ति भन्ने शब्दलाई अवकाशप्राप्त व्यक्तिको हकमा परिभाषित गर्न सकिने अवस्था देखिदैन । किनकि १ ले पदमा वहाल रहँदाको अवस्थालाई चित्रण गरेकाले २ को आशय पनि त्यसैको थप व्याख्याका रुपमा हेर्न सकिन्छ । यी कानुनी विषयहरु भए । कानुनी रुपमा जाँचवुझ समिति न त संविधानसँग वाझिएको देखिन्छ, न त व्यवहारिक रुपमा यो कंगारु समितिको व्याख्या गर्ने कुनै कारणसँग नजिक छ । त्यसकारण समितिमाथि उठाइएका कानुनी र व्यवहारिक प्रश्नहरु कुनैपनि कोणबाट वजनदार छैनन् । अब गभर्नरसँग सरकार के चाहन्थ्यो ? भन्ने विषयमा चर्चा गरौं । त्यस जाँचबुझ समितिको रिपोर्टका आधारमा सरकारले गभर्नरसँग चित्तबुझ्दो जवाफ, सहज सहकार्य, समन्वयको प्रतिवद्धता र त्यसो नहुँदा गभर्नरको निलम्वन प्रक्रिया लम्ब्याउन सक्ने । यसका लागि जाँचबुझ समिति नै सरकारका लागि सही माध्यम हुन सक्थ्यो, जो राष्ट्र वैंकको ऐनमा टेकेर गठन गरिएको थियो ।

यो कुरा वुझेपछि गभर्नर चाहन्थे कि यो जाँचवुझ समितिलाई नै किक आउट गरिदिए टन्टै साफ् । त्यसका लागि उनी सर्वोच्च गए । सर्वोच्चमा उनलाई कानुनका क्षेत्रमा यसअघि पनि आफ्ना लागि रक्षाकवचको भूमिका निर्वाह गरिसकेका न्यायाधीश भेटिए, जसले पहिलो आदेशमा उनको काममा पुनर्वहालीका लागि बाटो खोलिदिए । सर्वोच्चको एउटै फैसलाले दुइटा काम गर्‍यो । पहिलो गभर्नरले आफू विरुद्धका प्रमाण र तथ्यहरुसँग छेडखानी गर्ने मौका पाए । दोस्रो सरकारद्वारा गठित जाँचबुझ समिति जमेर आइसमा परिणत भयो, त्यो कुनै प्रतिक्रिया वा रिपोर्ट पेशका लागि योग्य रहेन ।

सर्वोच्चले संवैधानिक अस्पष्टताका बावजुद राष्ट्र वैंकको ऐन २०५८ को दफा २२ र त्यससँग सम्वन्धित विषयहरु खारेज गर्‍यो । यी सबै प्रकरणहरुमाथि टेकेर केही कर्पोरेट मिडियाहरुले अर्थमन्त्रीलाई किक आउटका लागि वातावरण बनाउने प्रयास गरे । अर्थात तिनले अर्थमन्त्रीलाई किक आउट गर्न चाहन्थे र अन्तमा एमाले अर्थतन्त्रको यही संकट र यसैबाट उत्पन्न स-साना विषयलाई तिलको पहाड बनाउँदै सरकार र वर्तमान गठवन्धनलाई किक आउट गर्न चाहन्थ्यो । अहिले पनि सम्पूर्ण खेलहरु यही प्रक्रियाका वरपर केन्द्रीत छन् ।

**अव परिणाम के भयो ?**

सरकारले आयात रोक्दा रोक्दै ६ सय गाडीको एलसी खोलिनुका पछाडि राष्ट्र वैंकको सूचना लिक प्रकरण नै जिम्मेवार छ भन्ने कुरा अब दिनको घामजत्तिकै छर्लङ्ग छ । त्यसअघि विशाल ग्रुपदेखि ज्योति ग्रुपले आयातका लागि गरेका हतार-हतार निर्णयहरु पनि सूचना लिक वरिपरि नै देखिन्छन् ।

आर्थिक नीति र मौद्रिक नीतिको समन्वय नहुनुमा पनि राष्ट्र वैंकले बेला वखत अर्थ मन्त्रालय विपरित सार्वजनिक गर्ने धारणाले काम गरेको स्पष्टै छ । अन्तत: त्यसको मार देशको सिंगो अर्थतन्त्र, आमउपभोक्ता, देशको भविष्यमाथि परेको छ ।

*-साभार: रातोपाटी*

# म्यानचेस्टर युनाइटेडमा इरिक टेन हागका चुनौती



काठमाडौं/महान प्रशिक्षक सर एलेक्स फर्गुसनले सन् २०१३ मा पद छाडेपछि म्यानचेस्टर युनाइटेडले स्थायी नियुक्ति दिएका पाँचौं प्रशिक्षक हुन्- इरिक टेन हाग । उनी टिमको प्रदर्शन सुधारमा लाग्नुअघि ओल्ड ट्राफोटमा देखिएको समस्या समाधानमा केन्द्रित हुनुपर्ने देखिन्छ ।

उनी एक हिसाबले सहि समयमा प्रशिक्षक बनेका छन् । डेविट मोयस, लुइस भान, जोसे मोउरिन्हो र ओले गनर सोल्सायर पछि क्लबको जिम्मा उनको काँधमा छ । हागका लागि तत्काल प्राथमिकतामा पर्नुपर्ने विषय भनेको ओल्ड ट्रफोटमा देखिएको संरचनात्मक समस्या हो ।

५२ वर्षीय हागका लागि यो अवस्था आफूलाई प्रमाणित गर्ने अवसर पनि हो । कम प्रतिस्पर्धात्मक लिगमा उच्च प्रसिद्धि कमाएका उनका लागि इंग्लिस प्रिमियर लिग र म्यनचेस्टर युनाइटेडजस्तो टिमलाई कुन दिशामा लैजाने भन्ने ठूलो आशा राखिएको छ । म्यानचेस्टरमा आएपछि हागले धेरै समस्याहरुको समाधानका बारेमा सोच्नु पर्ने छ । तीमध्ये केहि यस्ता छन्-

**शंका चिर्नुपर्ने**

हाग फुटबल प्रशिक्षणको हिसाबले भन्ने हो भने एक अनौठो दुनियाँमा प्रवेश गर्दैछन् । उनी एक प्रगतिशील प्रशिक्षक हुन् । म्यानचेस्टरले एक प्रगतिशील शैलीका प्रशिक्षकसँग काम गर्न खोज्नु डच शैलीलाई परिक्षण गर्न खोज्नु पनि हो । हाग २०१३/१४ मा बार्यन म्युनिखको प्रमुख प्रशिक्षकको रुपमा काम गरेका थिए । त्यसयता ठूला लिग र चर्चित क्लबको नेतृत्व लिन पाएका छैनन् । उनले अहिलेसम्म कुनैपनि इङ्लिस क्लबको जिम्मेवारी सम्हालेका छैनन् । यस पटक उनको लागि यो एउटा अवसरका साथै चुनौती पनि हुनेछ । एउटा ठूलो क्लबलाई कुन बाटोमा डोऱ्याउने यो उनको लागि चुनौतीको विषय रहनेछ । म्यानचेस्टर युनाइटेड जस्तो एक चर्चित क्लबको जिम्मेवारीले उनको प्रशिक्षण शैलीको परीक्षण र शंका गर्नेहरुका लागि चिर्ने अवसरको रुपमा हुनेछ ।

उनले अहिलेसम्म ठूलो इङ्लिस क्लबको अनौठो फर्म्याटमा काम गरेका छैनन् । उनलाई इङ्लिस क्लबको खेलको मागको बारेमा थाहा छैन । जसमा शक्ति सञ्चय र खेलमा सन्तुलन मिलाएर जानुपर्छ । खेलाडीलाई आराम भन्ने कुरा एकदमै कम हुन्छ । खेलाडीलाई कुन अवस्थामा कसरी तयार पार्ने त्यो उनको लागि चुनौतीको विषय हुनेछ ।

उनले खेलाडी अनुबन्धको विषयमा पनि सोच्नु पर्छ । विश्वकपको वर्ष खेलाडीहरु आफ्नो देशको लागि खेल्न व्यस्त हुने सिजन हो त्यो बेला खेलाडी व्यवस्थापन कसरी गर्ने उनले सोच्नुपर्ने हुन्छ ।

**रोनाल्डोबारेको चिन्ता**

डच प्रशिक्षक हागलाई पोर्चुगिज सुपरस्टार क्रिस्टियानो रोनाल्डोसम्बन्धी समस्या कसरी समाधान गर्ने भन्ने विषयमा सोच्नु एकदमै महत्वपूर्ण हुनेछ । हालसम्म क्लबको मुख्य आकर्षणका रुपमा रहेका उनले यस सिजनमा २१ गोल गरेका छन् । उनको उपस्थिति क्लबका लागि एक आकर्षण केन्द्र तथा सुपरस्टार रोनाल्डोको तलब र अन्य खेलाडीको खेललाई कसरी व्यवस्थापन गर्ने यो पनि हागको मुख्य चुनौती हो । रोनाल्डोको विषयमा उपयुक्त निर्णय लिन नसक्ने हो भने उनलाई क्लबको अन्य समस्याको समाधान गर्न निकै गाह्रो हुनेछ । हुन त उनले रोनाल्डोको व्यवहारलाई लिएर कुनै पनि आपत्ति जनाएका छैनन् । एक स्टार खेलाडीमा व्यवहारिक समस्या हुने तथ्यलाई उनले राम्ररी बुझेको बताएका छन् ।

**खेलाडी अनुबन्धनको समस्या**

युनाइटेडमा यस सिजनको गर्मीमा १० खेलाडीको सम्झौता सकिँदैछ । त्यसमा केही चर्चित खेलाडी छन् त केही खेलाडीले निकै कम खेल खेलेका छन् । पाउल पोग्बा, जेसे लिङ्गार्ड, इडिन्सन कभानी र जुआन माटाको सम्झौता यो सिजनको अन्त्यसँगै सकिन्छ । फिल जोन्स २०२३ सम्म रहन्छन् । तर उनले २ बर्षमा २ खेल मात्र खेलेका छन् ।

त्यसपछि आउँछन्, गोलरक्षक डिन हेन्डर्सन, सेन्ट्रल डिफेन्डर एरिक बेली र फरवार्ड मार्कस । जसले हालसम्म ओल्ड ट्रफोडमा बस्ने/नबस्ने निश्चित गरिसकेका छैनन् । एन्थोनी मार्सल, डोनी भान डी वीक र ब्रेडन विलियम्सले पनि क्लब छाड्ने चर्चा छ । यसरी हेर्दा युनाइटेडले नयाँ सिजनका लागि टिम बनाउँदा धेरै विचार गर्नुपर्नेछ । युनाइटेडमा खेलाडी चयन यसै पनि सहज र सजिलो विषय होइन ।

सेन्ट्रल डिफेन्समा कमजोर देखिएको युनाइटेडका लागि अब प्रशिक्षकले राम्रा डिफेन्डरको चयन गर्नुपर्छ । युनाइटेडमा अहिले स्ट्राइकरको मुख्य भुमिकामा देखिएका रोनाल्डो बाहेक अन्य खेलाडीको भर पर्ने अवस्था युनाइटेडको छैन ।

अब हागले, खेलाडी छनोट गर्दा टिमको आवश्यकतालाई ध्यानमा राख्नुपर्छ । हुन त रोनाल्डोको आगमनले टिममा निकै नै भार कम भएको छ । महत्वपूर्ण खेलाडी मानिएका मेग्वेर र आरोन वानबिसालाई निरन्तरता दिनु पर्नेमा अन्तरिम प्रशिक्षक राल्फ रागंनिकले जोड दिएका छन् । यी दुई खेलाडीले लिभरपुल र युनाइटेड दुवै टिमलाई राम्रो बनाउन निकै सहयोग गरेको प्रशिक्षक रांगनिकले बताए ।

यो कमजोर सिजनको सुरुवातमा नै म्यानचेस्टर युनाइटेडको डिफेन्स लाइन राम्रो नभएको अनुभव भइसकेको थियो । अहिले पनि डिफेन्सिभ मिडफिल्डरको आवश्यकता खड्किएको छ । २०१६ मा म्याग्वेर, राफेल, भिक्टर लिन्डेल र वाइलीलाई १८० मिलियन युरोमा खरिद गरे पश्चात पनि युनाइटेड केही बलियो देखिएको थियो । अझै पनि यसुनाइटेडलाई उत्कृष्ट स्टाइकर थप गर्नु पर्ने जरुरत देखिन्छ ।

**समर्थकको अपेक्षामा**

युनाइटेडका समर्थक टिमबाट धेरै अपेक्षा राख्छन् । इङ्लिस टिम युनाइटेडका खेलाडी र प्रशिक्षक दुवैले समर्थकको अपेक्षालाई विशेष ध्यानमा राख्नुपर्छ । २०१७ मा युरोपा लिग जितेपछि युनाइटेडले कुनै उपाधी जितेको छैन । यो सिजन युनाइटेडले शीर्ष चारमा स्थान बनाउन सकेन भने पछिल्लो ९ सिजनमा चौथोपल्ट च्याम्पियन्स लिग गुमाउनेछ ।

केही मानिसहरु यो सबैकुरा सुधार गर्न हागलाई समय दिनुपर्छ भन्ने पक्षमा छन् । जित निकाल्नु दोस्रो कुरा हो, पहिले टिममा भएको समस्या समाधान गर्न सक्नुपर्छ । ओल्ड ट्राफोट वरिपरिको क्षेत्रका मानिसहरु भने हागले पहिलो खेलमा सफलता हात पार्न सकेमा मात्र उनको पदले सार्थकता पाउने बताउँछन् । उनी प्रशिक्षकको रुपमा सहि मानिस हो कि होइन भन्ने प्रमाणित गर्ने समय भने उनको लागि पहिलो खेल हुने समर्थकको बुझाई छ ।

*-बीबीसीको सहयोगमा*

## हुलाकबाट लागूऔषध कारोबार गर्ने युवक थुनामा

काठमाडौं/हुलाकबाट लागूऔषध कारोबार गरेको आरोपमा पक्राउ परेका युवकलाई अदालतले थुनामा पठाउने आदेश गरेको छ । २०७८ फागुन १६ मा पर्सा जिल्लाको पोखरिया नगरपालिका-३ का २२ वर्षीय राज शिखर गुप्तालाई लागूऔषध नियन्त्रण ब्यूरोले पक्राउ गरेको थियो ।

२०७९ वैशाख ७ मा जिल्ला अदालतको पर्साले पुर्पक्षको लागी थुनामा राख्न आदेश गरेको छ । २०७८ फागुन ११ मा गोश्वारा हुलाक कार्यालय डिल्लीबजारबाट गुप्ताको नाममा बेलायतबाट कार्टुनमा चकलेट आएको थियो । सो ४ दशमल ४१८ केजी क्यान्डी चकलेटमा गाँजा र चरेशको मात्रा भेटिएको लागूऔषध नियन्त्रण ब्यूरोका एसपी जीवनकुमार श्रेष्ठले बताए ।

हुलाकमार्फत जर्मनीबाट उनको नामा आएको अर्को कार्टुन बक्समा ५ सयवटा नाम नखुलेको ट्याब्लेट भेटिएको थियो । १७० ग्राम तौलका सो ट्याब्लेट परीक्षण गर्दा लागूऔषध एम्फेटामाइन रहेको थाहा भएको एसपी श्रेष्ठले जानकारी दिए ।

-साभार: रातोपाटी

## एभरेस्ट बेस क्याम्पबाट 'मन्त्र'को प्रचार गर्दै दीया



काठमाडौं/फिल्मलाई दर्शकमाझ पुऱ्याउन कलाकारको भूमिका महत्त्वपूर्ण हुन्छ । सिनेमा हलसम्म दर्शकहरुलाई आकर्षित गर्न फिल्मको प्रचारमा कलाकारको उपस्थिति र उनीहरुको 'कन्भिन्सिङ पावर' कति सशक्त छ भन्ने कुराले ठूलो अर्थ राख्छ । कलाकारको साथ विना फिल्मको प्रचार खासै प्रभावकारी हुन सक्दैन । तर, एकाध फिल्मले मात्र प्रचारमा कलाकारहरुको साथ पाउने गरेका छन् ।

प्राय: फिल्मका निर्माता/निर्देशकले फिल्मको प्रचारमा कलाकारको साथ नपाएको गुनासो गरिरहँदा बैशाख १६ गतेबाट प्रदर्शनमा आउन लागेको फिल्म 'मन्त्र'की अभिनेत्री दीया पुनले भने सगरमाथा आरोहणको तयारी गरिरहँदा समेत प्रचारमा सघाउन छाडेकी छैनन् । गत चैतमा उनलाई काठमाडौंबाट निर्माण टिमले विदाई गर्दा नेपालको झन्डा र फिल्मको ब्यानर हस्तान्तरण गरेको थियो ।

शनिवार दीयाले सगरमाथाको काखमा अवस्थित एभरेस्ट बेस क्याम्पमा राष्ट्रिय झन्डासँग जोडेर तयार पारिएको फिल्मको ब्यानर फहराएकी छन् । उनी सगरमाथाको चुचुरोमा पनि राष्ट्रिय झन्डा र फिल्मको ब्यानर फहराउँदैछिन् । सगरमाथा आरोहणका लागि काठमाडौंबाट विदाई हुँदा उनले डिजिटलदेखि विभिन्न माध्यमबाट फिल्मको प्रचार-प्रचारमा आफू जोडिने वाचा गरेकी थिइन् । खिल बहादुर गुरुङले निर्देशन गरेको यस फिल्ममा दीयाका अलावा सौगात मल्ल, बुद्धि तामाङ, नमिता तामाङ, पासाङ टी शेर्पा, वीरबहादुर लामा लगायतको पनि अभिनय छ ।

सुरेश कार्की, रविराज कार्की र सुभ श्रेष्ठ निर्माता रहेको चलचित्रको कार्यकारी निर्माता देवेन्द्र मानन्धर हुन् । यो फिल्ममा सन्तोष सुनारको संगीत, सञ्जय लामाको छायांकन र मित्र डि. गुरुङको सम्पादन छ ।

-साभार: फिल्मीखबर

# प्रसारण लाइन अभावमा विद्युत खेर जान नदिन प्राधिकरणको पहल



काठमाडौं/नेपाल विद्युत प्राधिकरणले निर्माण सम्पन्न भएका निजी क्षेत्रका जलविद्युत आयोजनाहरुको विद्युत जतिसक्दो छिट्टो राष्ट्रिय प्रसारण लाइनमा जोड्नका लागि पहल सुरु गरेको छ । प्रसारण लाइन अभावमा निजी क्षेत्रका जलविद्युतहरुबाट उत्पादित विद्युत खेर जान नदिन निर्माणाधीन प्रसारण लाइनको काम तत्काल सम्पन्न गरिने छ ।

प्रसारण लाइन अभावमा लमजुङमा निर्माण सम्पन्न भएका आयोजनाहरको विद्युत जोड्न नसकिएको भन्ने सार्वजनिक भएपछि प्राधिकरणको उच्च व्यवस्थापनले दोर्दी र ङादी खोलामा निर्माणाधीन जलविद्युत आयोजना र ती आयोजनाहरुको विद्युत प्रवाहका लागि निर्माणाधीन प्रसारण लाइनको स्थलगत निरीक्षण भ्रमण गर्दै निर्माण प्रगतिका बारेमा जानकारी लिएको छ ।

प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ नेतृत्वमा योजना अनुगमन तथा सूचना प्रविधि निर्देशनालयका उपकार्यकारी निर्देशक प्रदीपकुमार थिके, प्रसारण लाइन निर्देशनालयका उपकार्यकारी निर्देशक दीर्घायुकुमार श्रेष्ठ, आयोजना व्यवस्थापन निर्देशनालयका प्रमुख तारा प्रधान, ग्रिड विकास विभागका निर्देशक दुर्गानन्द बडियत, विद्युत व्यापार विभागका निर्देशक प्रबल अधिकारीको टोलीले शनिबार आयोजनाहरुको निरीक्षण गरेको हो ।

टोलीले प्राधिकरणले लमजुङमा निर्माण गरिरहको दोर्दी करिडोर १३२ केभी प्रसारण लाइन, न्यादी हाइड्रोपावर लि.को ३० मेगावाटको न्यादी, हिमालयन पावर पार्टनरको २७ मेगावाटको दोर्दीखोला, लिवर्टी इनर्जीको २५ मेगावाटको माथिल्लो दोर्दी 'ए', दोर्दीखोला जलविद्युत कम्पनीको १२ मेगावाटको दोर्दी-१, जलविद्युत आयोजनाहरुको भ्रमण गरेको थियो ।

कार्यकारी निर्देशक घिसिङले आयोजनाहरु जतिक्दो छिट्टो निर्माण सम्पन्न गर्न आग्रह गर्दै प्रसारण लाइनमा अभावमा विद्युत जोड्न नसकी खेर फाल्नु पर्ने अवस्था आउन नदिने बताए । प्राधिकरणले दोर्दी खोलाका जलविद्युत आयोजनाहरुको विद्युत राष्ट्रिय प्रसारण प्रणालीमा जोड्नका लागि ११ किलोमिटर कीर्तिपुर-उदीपुर १३२ केभी डबल सर्किट प्रसारण लाइन (दोर्दी करिडोर) र कीर्तिपुरमा सबस्टेसन निर्माण सम्पन्न गरेको थियो ।

तर, १ असार २०७८मा दोर्दी खोलामा आएको बाढीले आयोजनाका ३३ वटा टावरमध्ये ४ वटालाई बगाएको थियो ।

बाढीले निर्माणको अन्तिम चरणमा पुगेका निजी क्षेत्रका जलविद्युत आयोजनाहरुमा पनि ठूलो क्षति पुर्याएको थियो । अहिले बाढीले बगाएका प्रसारण लाइनका ४ वटा टावर र जलविद्युत आयोजनाहरुको पुनर्निर्माण भइरहेको छ । ४ वटा टावरमध्ये २ वटाको जग हालिएको, १ वटा खडा गरिएको छ भने दुई वटाको जग हाल्ने काम भइरहेको छ । यो काम वैशाखभित्र सम्पन्न गर्ने लक्ष्य राखिएको छ ।

'निर्माण सम्पन्न भइसकेको प्रसारण लाइन बाढीले बगायो भने जलविद्युत आयोजनाहरुमा ठूलो क्षति पुर्यायो, अहिले प्रसारण लाइन तथा जलविद्युत आयोजनाहरको पुनर्निर्माण तथा मर्मतसम्भार भइरहेको छ, यो काम सम्पन्न गर्न बढीमा दुई महिना लाग्ने देखिएको छ, त्यसैले जलविद्युत आयोजनाहहरुको बाँकी काम सक्ने बेलासम्म प्रसारण लाइन पनि तयार हुन्छ', उनले भने ।

आयोजनाहरुमध्ये दोर्दी खोला रे दोर्दी-१ जलविद्युत आयोजनाको काम केही छिट्टै सम्पन्न हुने र माथिल्लो दोर्दी एको केही समय लाग्ने देखिएको छ । दोर्दी खोला आयोजनाको व्यवस्थापनले सम्पूर्ण परीक्षणहरु सम्पन्न गरी २० दिनभित्रमा विद्युत उत्पादन सुरु गर्ने लक्ष्यका साथ काम भइरहेको जानकारी गराएको थियो ।

आयोजनाको विद्युत प्रवाहका लागि वैकल्पिक व्यवस्था अन्तर्गत हाल सञ्चालनमा रहेको मध्यमर्स्याङ्दी विद्युतगृहको स्वीचयार्डमा जोडिने छ । यसका लागि उदीपुर-मार्कीचोक (तनहुँ) २२० केभी प्रसारण लाइनअन्तर्गत करिब ६ किलोमिटर तार तान्ने काम भइरहेको छ ।

ठेकेदारले यो काम वैशाख भित्र सक्ने प्रतिबद्धता जनाएको छ । त्यसपछि स्वीजयार्डसम्म लैजान आवश्यक पर्ने १३२ केभी प्रसारण लाइनको निर्माण सम्पन्न भइसकेको छ । उदीपुर-मार्कीचोक (तनहुँ) २२० केभी प्रसारण निर्माण सम्पन्न नभएसम्मका लागि २५ मेगावाट जडित क्षमताको माथिल्लो दोर्दी 'ए' र १२ मेगावाटको जडित क्षमताको दोर्दी-१ आयोजनाको विद्युत पनि मध्यमर्स्याङ्दीको स्वीचयार्डमै जाडिने छ । 'अहिलेको ऊर्जा संकटको प्रसारण लाइन अभावमा २७ मेगावाट र १२ मेगावाट विद्युत जोड्न नसक्ने अवस्था आउन दिनुहुँदैन, यसमा मुख्य रुपमा ठेकेदारले गम्भीर भएर काम गरिदिनुपर्यो', कार्यकारी निर्देशक घिसिङले ठेकेदारलाई निर्देशन दिँदै भने ।

बुटवल पावर कम्पनी सम्बद्ध न्यादी हाइड्रोपावरले निर्माण सम्पन्न गरेको ३० मेगावाट जडित क्षमताको न्यादी हाइड्रोपावर राष्ट्रिय प्रसारण लाइनमा जोडिएको छ । आयोजनाले शुक्रबारबाट परीक्षण उत्पादन सुरु गरेको छ ।

'स्थानीयको अवरोधले खुदी-उदीपुर प्रसारण लाइन निर्माणका केही ढिला हुँदा वैकल्पिक व्यवस्था अन्तर्गत चिनियाँ लागानीमा निर्माण भएको ५० मेगावाटको माथिल्लो मर्स्याङ्दी ए जलविद्युत आयोजनाको प्रसारण लाइनमा न्यादीको विद्युत जोडिएको छ, चिनियाँहरुले जोड्न नदिने अडान लिइरहेका थिए तर प्राधिकरणको निरन्तरको प्रयासपछि अन्तत: न्यादीलाई जोड्न सफल भयौं', कार्यकारी निर्देशक घिसिङले भने ।

- साभार: रातोपाटी

## हिमाल चढ्नेको सूचीमा अमेरिकी र बेलायती बढी



काठमाडौं/नेपालमा हिमाल आरोहणका लागि युरोप र अमेरिकाबाट सर्वाधिक संख्यामा आरोही भित्रिएका छन् ।

पर्यटन विभागका अनुसार आइतबारसम्म कुल ८७६ जना आरोहीले नेपालका दुई दर्जन हिमाल आरोहण गर्न अनुमति लिएका छन् । जसमा सबैभन्दा धेरै अमेरिका र युरोपबाट आरोही आएको देखिएको छ ।

तथ्यांकअनुसार कुल १ सय ८ समूहका ८७६ जना आरोहीले अनुमति लिएका हुन् । जसमा सगरमाथाका लागि ३७ समूहका ३०२ जनाले अनुमति लिएको देखिएको छ । यसरी अनुमति लिनेमा सबैभन्दा धेरै अमेरिकी नागरिक छन् ।

अमेरिकाबाट २७ महिलासहित १३२ जना आरोहीले विभिन्न हिमाल चढ्न अनुमति लिएको विभागले जनाएको छ । विभागका अनुसार दोस्रो नम्बरमा बेलायती नागरिक रहेका छन् । बेलायतबाट वसन्त ऋतुमा हिमाल चढ्न १४ महिलासहित १०५ जना आरोहीले अनुमति लिएका छन् । तेस्रो नम्बरमा नेपाली आरोही छन् । नेपालबाट ६२ जना आरोहीले विभिन्न हिमालका लागि अनुमति लिएको विभागको तथ्यांकमा देखिएको छ । भारतबाट ५८ आरोही नेपाल आएको देखिएको छ ।

फ्रान्सबाट ५५, क्यानडाबाट ३४, अष्ट्रेलियाबाट २९, रुसबाट २८ जना र चीनबाट २२ जनाले आरोहण अनुमति लिएको विभागले जनाएको छ । विभागका तथ्यांक अनुसार आइतबारसम्म ७३ मुलुकका आरोहीले आरोहण अनुमति लिइसकेका छन् । जसमा युक्रेनबाट एक जनाको अनुमति रहेको छ । युरोपेली मुलुकमध्ये स्पेनबाट २५, नेदरल्याण्ड्सबाट १७, चेक रिपब्लिकबाट ११ जना आएका छन् ।

-साभार: अनलाईनखबर

## एसइईमा जापानबाट १९ विद्यार्थी, नेपालमा पाँच विदेशीको सहभागिता

काठमाडौँ/जापानबाट माध्यमिक शिक्षा परीक्षा (एसइई) मा विद्यार्थी सहभागी भएका छन् ।

यस परीक्षामा जापानबाट समेत १९ जना नेपाली विद्यार्थी सहभागी भएका छन् । जापानको टोकियोस्थित एभरेष्ट इन्टरनेशनल स्कुलमा तोकिएको परीक्षा केन्द्रबाट ती विद्यार्थीले परीक्षा दिइरहेका छन् ।

सो केन्द्रमा जापानस्थित नेपाली दूतावासले अनुगमन गरिरहेको छ । उक्त विद्यालयमा नेपाल सरकारबाट स्वीकृत पाठ्यक्रम लागु गरिएकाले नेपाल सरकारको राष्ट्रिय परीक्षा बोर्डको कार्यतालिका बमोजिम परीक्षा सञ्चालन भएको हो । त्यहाँका विद्यार्थीका लागि नेपालबाटै प्रश्नपत्र पठाइएको छ भने विद्यालयका



प्रधानाध्यापकलाई केन्द्राध्यक्ष तोकिएको राष्ट्रिय परीक्षा बोर्ड मातहतको माध्यमिक शिक्षा परीक्षा, कक्षा १० का कामु परीक्षा नियन्त्रक अर्जुन रायमाझीले जानकारी दिए ।

यही वैशाख ९ गतेदेखि सुरू भएको परीक्षामा ललितपुरबाट समेत पाँच जना विदेशी विद्यार्थीले नेपालमा रहेर परीक्षा दिइरहेका छन् ।

*-साभार: सेतोपाटी*

# रियाल बेटिसलाई कोपा डेल रेको उपाधि

काठमाडौं/रियाल बेटिसले शनिबार राति भ्यालेन्सियालाई पेनाल्टी सुटआउटमा हराउँदै कोपा डेल रेको उपाधि जितेको छ ।

सेभियामा सम्पन्न फाइनलमा अमेरिकी युवा खेलाडी युनुस मुसाह पेनाल्टीमा गोल गर्न चुकेका थिए । रियाल बेटिसको तर्फबाट निर्णायक पेनाल्टी प्रहार गरेका जुवान मिरान्डाले गोल गरेपछि उपाधि पक्का भएको थियो ।



रियाल बेटिसले १७ वर्षपछि पहिलो पटक उपाधि जितेको हो । निर्धारित समय १-१ को बराबरीमा सकिएपछि खेल थप समयमा लम्बिएको थियो । थपिएको ३० मिनेटमा पनि गोल नभएपछि पेनाल्टी सुटआउटबाट नतिजा आएको हो । रियाल बेटिसले ११औं मिनेटमा बोर्जा इग्लेसिसको गोलबाट अग्रता लिएको थियो । ३०औं मिनेटमा ह्युगो डुरोले बराबरी गोल फर्काएका थिए । रियाल बेटिसका ४० वर्षे फरवार्ड जोक्विन सान्जेजले पनि पेनाल्टीमा गोल गरे । उनी २००५ मा क्लबले कोपा डेल रेको उपाधि जित्दा पनि टिममा थिए । रियाल बेटिसले यसअघि २००५ मा ओसासुनालाई २-१ ले हराउँदै कोपा डेल रेको उपाधि जितेको थियो । रियाल बेटिसले १९३५ मा एकमात्र स्पेनिस लिगको उपाधि जितेको थियो ।

रियाल बेटिसका मुख्य प्रशिक्षक म्यानुयल पेलिग्रिनीले २०१५/१६ को लिग कपपछि पहिलो पटक उपाधि जित्न सफल भए । उनले प्रिमयर लिगको क्लब म्यानचेस्टर सिटीबाट लिग कपको उपाधि जितेका थिए । २०१० पछि बार्सिलाना र रियाल मड्रिडमध्ये एक क्लब नभएको यो दोस्रो कोपा डेल फाइनल हो ।

-साभार: बाह्रखरी

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution

Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# प्रभावकारी बन्दै एक बिद्यालय एक नर्स कार्यक्रम

साझाकुरा संवाददाता

हेटौंडा, ११ वैशाख/ बागमती प्रदेशमा २०७७ सालबाट सुरु भएको एक बिद्यालय एक नर्स कार्यक्रम प्रभावकारी बन्दै गएको छ ।

सामाजिक विकास मन्त्रालय बागमती प्रदेशले प्रदेशभित्र रहेका विद्यालयहरूमा एक विद्यालय एक नर्स कार्यक्रम शुरु गरेपछि विद्यालयहरूमा अहिले विद्यार्थीहरूको आकर्षण पनि बढेको छ । सो कार्यक्रम सुरु भएपछि पढ्दा पढ्दै बीचमा नै घर जानुपर्ने बाध्यता हटेको छ ।



विद्यालयमा नर्सदेखि सेनेटरी प्याड तथा औषधिहरूको पनि व्यवस्था भएपछि सहज भएको छ । विद्यालयमा महिनावारी भए पनि अहिले छात्राहरूलाई समस्या छैन । किनकि उनीहरूलाई सेनेटरी प्याड तथा पेट दुख्दा खाने औषधिको व्यवस्था बिद्यालयमा नै छ ।

मकवानपुरको बागमती गाउँपालिकामा रहेको जनता माध्यामिक विद्यालयमा कक्षा १० मा अध्ययनरत् अनिला मगरको कक्षा अचेल पहिला जस्तो छुट्दैन । दुई वर्ष अघिसम्म महिनावारी हुँदा, सामान्य टाउको दुख्दासमेत कि घर कि मेडिकल जानुपर्ने बाध्यता विद्यालयमा नर्स आएपछि हटेको छ ।

सामान्य प्राथमिक उपचार मात्र नभएर आफूहरूलाई कहिलेकाही केही समस्या पर्‍यो भने पनि नर्सले सल्लाह दिने गरेको उनको भनाइ छ । एक विद्यालय एक नर्स कार्यक्रम शुरु भएपछि विद्यालयमा धेरै कुरा सहज भएको जनता माध्यामिक विद्यालयका प्रधानध्यापक बसन्त राई बताउँछन् । दिनमा तीनदेखि ५ जना विद्यार्थीहरूले सेवा लिने गरेका उनको भनाइ छ ।

छात्राहरूले अभिभावक तथा शिक्षक शिक्षिकाहरूसँग पनि भन्न नसकेका कुराहरू नर्ससँग सजिलै भन्छन् । जनप्रिय माध्यामिक विद्यालय हेटौडा-१६ मा पनि यो कार्यक्रम दुई वर्षदेखि चलिरहेको छ । करिब १८ सय जना विद्यार्थी अध्ययनरत यो विद्यालयमा पनि कार्यक्रम प्रभावकारी भएको विद्यालयमा शिक्षक सुनिल गौतमको भनाइ छ ।

अहिले दिनमा ५ देखि ७ जना विद्यार्थीले नर्ससँग सेवा लिन्छन् । एक विद्यालय एक नर्स कार्यक्रम निकै प्रभावकारी भएको विद्यार्थी तथा शिक्षकले बताउँदै गर्दा विद्यालय छोड्ने नर्सहरूको संख्या पनि निकै बढेको छ । कार्यक्रम शुरु भएको तीन वर्षमा करिब एकसय जनाले विद्यालय छोडिसकेका छन् । बागमती प्रदेश सरकारले २०७५ सालबाट यो कार्यक्रम २० वटा विद्यालयमार्फत् शुरु गरेको थियो ।

यसको प्रभावकारिता बढेसँगै अहिले प्रदेशभरिका ४५९ वटा विद्यालयमा यो कार्यक्रम लागू भएको छ । वर्षमा एकपटक परीक्षा लिगेर नर्सहरू नियुक्त हुने गरेका छन् । तर, नर्सहरूले बीचमा काम छोड्ने समस्या नै अहिले यो कार्यक्रमका लागि चुनौती भएको छ । देवकी माविमा गत भदौदेखि नै नर्स छैनन् । नर्सले भदौमा राजीनामा दिएर गएपछि प्रधानध्यापक चन्द्रबहादुर थापाले पटकपटक नर्स पठाइदिन भने पनि अहिलेसम्म नर्स विद्यालयमा नआएका बताउँछन् ।

अहिले विद्यालयमा औषधि छ, नर्सको कार्यकक्ष छ तर, नर्स छैनन् । जसका कारण औषधि भएर पनि विद्यार्थीले उपभोग गर्न पाएका छैनन् । सामाजिक विकास मन्त्रालय बागमती प्रदेशले नर्सहरूलाई करारमा नियुक्त गरेको छ । एक जना नर्सले महिनामा तीस हजार एकसय रुपियाँ पारिश्रमिक पाउँछन् ।

पारिश्रमिक राम्रै भएपनि करारमा भएका कारण यसमा भविष्य नदेखेर नर्सहरूले विद्यालय छाड्ने गरेको सामाजिक विकास मन्त्रालयअन्तर्गत् विद्यालय नर्स कार्यक्रम संयोजक बिनु कक्षपति बताउँछिन् । कोभिड महामारी केहि हटेसँगै अहिले नर्सहरू पनि विदेश जान थालेका छन् ।

जसका कारण बागमती प्रदेशको एक विद्यालय एक नर्स कार्यक्रम नै प्रभावित भइरहेको छ । विशेष गरी पढाइको सिलसिलामा विदेश जानुपर्ने, सरुवाको व्यवस्था नहुँदा विकटमा पर्नेहरू काममा जान नमान्ने जस्ता कारणले नर्सहरूले विद्यालय छोड्ने गरेका उनले बताइन् ।

## हेटौंडा अस्पतालमा सुत्केरी महिलाको मृत्यु

हेटौंडा, ११ वैशाख/ हेटौंडा अस्पतालमा सुत्केरी महिलाको मृत्यु भएको छ । अस्पतालमा सुत्केरी भएकी हेटौंडा-९ मा डेरा गरी बस्ने ३१ बर्षीया सीतामाया मोक्तानको मृत्यु भएको हो । उनको वैशाख ९ गते शुक्रबार शल्यक्रिया गरिएको थियो । शनिबार अति सघन कक्ष (आईसीयू)मा उपचाररत् उनको शनिबार राति नै मृत्यु भएको जनाइएको छ ।

मृतकको परिवारले चिकित्सकहरुको लापारवाहीका कारण मृत्यु भएको आरोप लगाएका छन् । मोक्तानलाई सुत्केरी गराउन ८ वैशाखमा अस्पताल ल्याइएको थियो । मृतककी बहिनी देवी लामाले चिकित्सहरुको लापरबाहीले मृत्यु भएको आरोप लगाइन् ।

पीडित पक्षका परिवारले अस्पतालमा चिकित्सकलाई कारबाही माग गर्दै नारावाजी पनि गरेका थिए । नावजात शिशुको अवस्था सामान्य रहेको अस्पतालले जानकारी दिएको छ । सुत्केरी महिलाको मृत्यु भएको विषयमा छानविन गर्न अस्पतालले छानविन समिति बनाउने भएको छ । अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. रामचन्द्र सापकोटाले सुत्केरी महिलाको मृत्युको कारण पत्ता लगाउन छानबिन समिति बनाउन लागिएको बताए ।

उनले चिकित्सकले विरामीलाई अन्तिमसम्म बचाउने प्रयास गरेको हुने भन्दै सुत्केरी महिलाको मृत्यु हुनुमा चिकित्सककै लापरवाही हो वा होइन भन्ने छानबिन गर्ने बताए ।



राक्सिराङ गाउँपालिका-९ की रोजिना चेपाङ बहिनी बोकेर स्कुल जाँदै । मकवानपुरको विकट गाउँको अति सीमान्तकृत समुदायकी रोजिना दैनिक पिठ्यूमा बहिनी बोकेर विद्यालय जान उकालो ओरालो बाटो हिँड्छिन् । राक्सिराङ-९ घर भएकी उनी सिमलटारस्थित श्री प्राथमिक विद्यालयको कक्षा २ मा अध्ययनरत् छिन् । उनको घरबाट विद्यालय पुग्न डेढ घण्टा उकालो लाग्नुपर्छ जंगल, खोल्सा र उकालो बाटो चढेर दैनिक उनी आफू मात्रै विद्यालय जाँदिनन्, उनको बुईमा ३ वर्षीया बहिनी सधैँ हुन्छिन् । किताब कपी च्याप्ने उनको कलिला हातहरूले बहिनीलाई च्यापेर दिनहुँ उकालो ओरालो गर्छन् । *तस्वीर: साझाकुरा*

## युवाको हत्या आरोपमा तीन जना पक्राउ

तनहुँ/ तनहुँको शुक्लागण्डकी नगरपालिका-५ गल्छिना बस्ने २९ वर्षीय विशाल ढुङ्गानाको हत्या आरोपमा तीन जना पक्राउ परेका छन् ।

कर्तव्य ज्यान गरी हत्या गरेको अभियोगमा आइतबार तीन जनालाई इलाका प्रहरी कार्यालय बेल चौताराले पक्राउ गरेको हो ।

पक्राउ पर्नेमा शुक्लागण्डकी नगरपालिका-१० बस्ने ३८ वर्षीय विमल सुनार, शुक्लागण्डकी नगरपालिका-८ बस्ने २५ वर्षीय सुशील विक र शुक्लागण्डकी नगरपालिका-३ बस्ने ४७ वर्षीय होमबहादुर विक रहेको प्रहरी नायब उपरीक्षक युवराज खड्काले जानकारी दिए ।

ढुङ्गानाको शव शनिबार शुक्लागण्डकी नगरपालिका-४ र ५ को सिमाना कबरस्थानस्थित पानी जमेको खोल्सामा भेटिएको थियो । शुक्रबारदेखि हराएका उनको खोज कार्यका लागि आफन्तले प्रहरीमा निवेदन दिएका थिए ।

प्रहरीले घटना सम्बन्धमा अनुसन्धान गर्दै जाँदा घटनामा संलग्न रहेको अभियोगमा तीन जनालाई पक्राउ गरेको हो । पक्राउ परेकालाई आजै तनहुँ जिल्ला अदालतबाट १२ दिनको म्याद थप गरिएको छ ।

*-साभार: रातोपाटी*

## साढे ६ ग्राम खैरो हिरोइनसहित एकजना पक्राउ



हेटौंडा, ११ बैशाख/ मकवानपुर प्रहरीले ६ ग्राम ६८० मिली ग्राम लागुऔषध खैरो हिरोइनसहित एकजनालाई पक्राउ गरेको छ ।

जिल्ला प्रहरी कार्यालय मकवानपुरबाट खटिएको टोलीले विशेष सूचनाको आधारमा हेटौंडा-२ बस्ने सन्तोष पोखरेलको कोठा चेकजाँच गर्ने क्रममा शंखभित्र लुकाएर राखेको अवस्थामा लागुऔषध खैरो हिरोइनसहित उनलाई पक्राउ गरेको हो ।

पक्राउ परेको पोखरेललाई नियन्त्रणमा लिएर थप अनुसन्धान अगाडि बढाइएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रवक्ता टेकबहादुर कार्कीले जानकारी दिए ।





**गोर्खाली ट्रेड एण्ड सप्लायर्स**
हेटौंडा-४, रजतजयन्ती, ,फोन: ९८४१७७१६६४, ९८५५०३१६६४

**HETAUDA CITY HOSPITAL PVT.LTD.**
*Hetauda-1, Sub-metropolitan*
***Phone: 057-520315***

**VACANCY ANNOUNCEMENT**

Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

| S.No. | Designation | No. | Salary (Rs) | Min. Qualifications |
|---|---|---|---|---|
| 1 | Staff Nurse | Few | 14000-18000 | PCL/NHPC registered |
| 2 | CMA/ANM | Few | Negotiable | TSLC |
| 3 | Receptionist | Few | Negotiable | +2 completed |

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae with in 10 days of the first publication of this notice.

**जैविक मलका फाइदाहरु**

रासायनिक मल तथा रासायनिक विषादिले बालीनालीको विकास केही हद्सम्म गरेको भएता पनि केही समयको लगातार प्रयोगपछि त्यसले माटोमा भएको प्रभावकारी जीवाणुहरुलाई प्रदुशित बनाई इन्जाईम प्रकृयालाई अबरुद्ध गरेको छ, जसको कारणले माटोमा भएका सबै प्रकारका प्रभावकारी जीवाणु व्याक्टेरियाको विनास भई माटो अम्लीय हुने, माटोमा पानी अड्ने क्षमतामा ह्रास आई चिस्यान कम हुने, बिरुवाको जरा माटोमा प्रभावकारी तरिकाले फैलन नपाउने, बिरुवाले आवश्यक खाद्यतत्व पूरा गर्न नसकी बिरुवा कमजोर हुने, बढ्दो जलवायु परिवर्तन र सो ले पारेको पर्यावरणीय असरमा कमी नआउने, वातावरण प्रदषित क्रम बढ्दो मात्रामा रहने, विभिन्न प्रकारका रोगहरु लाग्ने तथा किरा नियन्त्रणको लागि रासायनिक विषादि प्रयोग गर्दै जाँदा ती शत्रु जीवाणुहरुमा विष पचाउने क्षमतामा बृद्धि भई प्रत्येकपटक विषादिको मात्रा बढाउँदै लैजानुपर्ने अवस्था, जसको कारण आज मानिस प्रत्येक खाद्य सामग्री कृषि उपज विषादियुक्त खान बाध्य छ । फलस्वरुप मानवमा विभिन्न प्रकारका रोगहरुको महामारी फैलिएको छ ।


*त्यसैले जैविक मल नै प्रयोग गरौं ।*
*स्वस्थ कृषि उपज उत्पादनमा जोड दिऔं*

पाइने स्थान:
**सामुदायिक कृषि सहकारी संस्था लि.**
हेटौंडा-८, कमाने
९८५५०६९०८६ राजेन्द्र ढकाल

*साझाकुरा*
खोजी खोजी पढौं ।
दैनिक रुपमा समाचार पढौं ।

**कोभिड-१९ विरुद्धको बुस्टर डोज अबदेखि पूर्ण मात्रा खोप लगाएको ३ महिना पूरा भएपछि**
पूर्ण खोप, सुरक्षित भविष्य

पहिले पूर्ण मात्रा खोप लगाएको ६ महिना पूरा भएपछि मात्र बुष्टर मात्रा खोप लगाउन मिल्ने भनिए पनि पछिल्ला अध्ययन र राष्ट्रिय खोप सल्लाहकार समितिको सिफारिसका आधारमा नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको निर्णयानुसार
१८ वर्ष माथिका सबैले पूर्ण मात्रा खोप लगाएको
**३ महिना पूरा भएपछि बुस्टर खोप**
लगाउन मिल्ने भएकाले उपलब्धताका आधारमा कोभिड - १९ विरुद्धको बुष्टर मात्रा खोप लगाउनुहोला।




कोभिड-१९ सङ्क्रमण भएकाहरूले सङ्क्रमणमुक्त भएको एक महिनापछि कोभिड -१९ विरुद्धको खोप र बुस्टर मात्रा लिन मिल्छ।

बुस्टर मात्रा खोप लगाउन जाँदा पूर्ण मात्रा खोप लगाएको खोप कार्ड अनिवार्य लिएर जानुहोला।

खोप निःशुल्क पाइन्छ | खोप सुरक्षित छ | खोपले जीवन रक्षा गर्छ

बागमती प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
हेटौंडा, मकवानपुर, नेपाल

**पार्टी गर्दै हुनुहुन्छ ?**

शुभ-विवाह, ब्रतबन्ध, हरेक प्रकारका पार्टी, सभा, सेमिनार तथा गोष्ठीका लागि हामीलाई सदैव सम्झनुहोस् ।

**जय गणेश पार्टी प्यालेस प्रा.लि.**
हेटौंडा उपमहानगरपालिका-५, अब्बलडाँडा
सानोपोखरा, मकवानपुर
९८५५०२७५१२ (अनिष वाग्ले)

**ADMISSIONS OPEN**
**FROM NURSERY TO GRADE IX**
FOR ACADEMIC SESSION 2079
*for limited seats only*
Scholarship Test : 10 Baishakh 2079
APPLY ONLINE



*www.admission.hetaudaacademy.edu.np*
FOR MORE DETAILS
057-525548, 9847106642
HETAUDA ACADEMY
EDUCATION IS THE REAL TREASURE
**HETAUDA ACADEMY**
RESIDENTIAL SECONDARY SCHOOL
Sahid Smarak, Hetauda-11, Makawanpur, Nepal
Tel: 057-525548, 525547, 523547
Web: www.hetaudaacademy.edu.np
Email: info@hetaudaacademy.edu.np

साझाकुरा
**www.sajhakuranews.com**
"तपाईं हामी सबैको कुरा "
हामी तपाईंहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।




साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना